स्थायी लेखा नं.: ३०३४२५०२७ समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

# नेपाल इन्जिनियर्स एशोसिएसन

केन्द्रीय कार्यालय

पुल्चोक, ललितपुर

३३ औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
ई. डा. हरि बहादुर दर्लामी

उपाध्यक्ष
ई. डा. नारायण प्रसाद अधिकारी

महासचिव
ई. रवि भुषण झा

उप-महासचिव
ई. सरोज धिताल

कोषाध्यक्ष
ई. दिनेश त्रिपाठी

सह-कोषाध्यक्ष
ई. दिपक अधिकारी

सदस्यहरु
ई. मनिष मल्लिक
ई. सागर भट्टराई
ई. कुशलता न्यौपाने
ई. हरिनारायण राय यादव
ई. सुरज चापागाई
ई. निशान नेपाल
ई. विद्या बराल
ई. बिनोद बहादुर पाल
ई. ईश्वर पोखेल
ई. अनुपम पराजुली
ई. अशेष निरौला
ई. खुम बहादुर भण्डारी
ई. रण बहादुर बम (सुदूरपश्चिम प्रदेश)
ई. रोशन सुवेदी (कोशी प्रदेश)
ई. विनोद पुन (कर्णाली प्रदेश)
ई. रविन्द्र लाल मूल (गण्डकी प्रदेश)
ई. विश्व रञ्जन मिश्र (लुम्बिनी प्रदेश)
ई. सुव्रत अर्याल (बागमती प्रदेश)
ई. संजय कुमार यादव (मधेश प्रदेश)

मितिः २०८०।१२।१९

## प्रेस विज्ञप्ती

मधेश प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत पूर्वाधार विकास कार्यालय सप्तरीका प्रमुख इ. **प्रविण प्रताव अधिकारी**लाई मधेश प्रदेश जनमत पार्टीका संसदीय दलका नेता एवं प्रदेशका निवर्तमान शिक्षा मन्त्री महेश प्रसाद यादवले अराजक शैलीमा कार्यालयमै हातपात एवं दुर्व्यवहार गरेको घटनाप्रति नेपाल इन्जिनियर्स एशोसिएसन केन्द्रीय कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

राजनैतिक शक्तिको दुरुपयोग गर्दै राष्ट्रसेवक कर्मचारी माथि अनुचित दवाव दिने, आफ्नो स्वार्थ अनुकूलको काम गराउने, त्यो नभएमा सम्वन्धित कर्मचारीलाई डर, धाक, धम्की र कुटपिट समेत गर्ने जस्ता प्रवृति पछिल्लो समयमा विशेष गरी प्रदेश तथा स्थानीय तहमा मौलाउँदै गएको छ । जनप्रतिनीधिहरूबाट नै लोकतान्त्रिक आचरण विपरितका गतिविधिहरू हुनु आफैमा लज्जा जनक विषय हो । सप्तरीमा हिजो मिति २०८० चैत १८ गते भएको घटना राजनीतिक शक्ति उन्मादमा भएको अराजक घटना हो भन्ने हामीले बुझेका छौं । यस प्रकारका अमानवीय क्रियाकलापहरू मुलुकमा निरन्तर बढिरहेको र जसबाट राष्ट्रसेवक कर्मचारीलाई निरुत्साहित गर्ने तथा उच्च मनोवलका साथ काम गर्ने वातावरण नभइरहेको विद्यमान अवस्थाले इन्जिनियर समुदायलाई चिन्तित तुल्याएको छ । मुलुकको विकास निर्माणमा खटिएका इन्जिनियर प्राविधिकहरू माथी पटक पटक बिभिन्न व्यक्तिहरूबाट यस प्रकारका आक्रमणका घटनाहरू दोहोरिनुले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा व्यक्ति तथा समाज असहिष्णु र अराजक बन्दै गएको हो की भन्ने आभाष हामीलाई भएको छ ।

तसर्थ विवादको विषय जे सुकै होस तर कोही कसैलाई रिसको आवेगमा दुरव्यवहार तथा भौतिक आक्रमण गर्ने छुट देशको कानूनले दिदैन् तसर्थ राज्यले दोषीलाई कारवाहीको दायरामा ल्याई पिडित र पिडक पक्षबीचको सामाजिक सम्बन्धलाई सहज बनाउन र उक्त घटनालाई तत्काल समाधान गर्न गराउन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय प्रशासन तथा संबन्धित निकायमा नेपाल इन्जिनियर्स एशोसिएसन केन्द्रीय कार्यालय जोडदार माग गर्दछ ।

इ. रवि भुषण झा
महासचिव

इ. डा. हरि बहादुर दर्लामी
अध्यक्ष

ठेगानाः इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोनः ०१-५०१०२५१, ५०१०२५२, ५०१०२५३
ईमेल : info@neanepal.org.np, URL: www.neanepal.org.np